# विकास कार्यक्रम र स्वीटजरल्याण्ड सरकारको आयोजनामा सशस्त्र हिंसा र विकाससम्बन्धी जेनेभा घोषणाको पुनरवलोकन सम्मेलन

## जेनेभा, २७ भदौ २०६५

## सम्मेलन वक्तव्य

हामी ८५ देशका प्रतिनिधिहरू आज जेनेभामा भेला भएका छौं जसको मूल उद्देश्य २०६३ असोजमा जारी भएको सशस्त्र हिंसा र विकाससम्बन्धी जेनेभा घोषणाको लक्ष्यप्राप्तिको समीक्षा गर्नु र हामीले दिइआएको सहयोगको निरन्तरताको बचनबद्धता प्रकट गर्नु हो ।

सशस्त्र हिंसा र विकाससम्बन्धी जेनेभा घोषणाको लक्ष्य अनुरूप सामाजिक आर्थिक र मानव विकासमा हिंसाको असर न्यूनीकरण गरी दिगो शान्ति सुरक्षा कायम गर्न आरम्भ गरिएको छ जसको हामी प्रशंसा गर्दछौं ।

विकास, शान्ति सुरक्षा र मानवअधिकार एक अर्काका पर्याय भएकोले सशस्त्र हिंसाले सहस्राब्दी विकास लक्ष्य हासिल गर्न वाधा पुऱ्याउँछ ।

अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय विकासका नीतिहरूलाई पहिचान गर्नसके त्यसले सशस्त्र हिंसा रोकथाम तथा न्यूनीकरण गर्न अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय तहबाट सघाउ पुऱ्याउँछ । यसअनुरूप कार्य गर्न सके अहिलेको पिंढी र भावी पिंढीको समृद्धि र दिगो विकास सुनिश्चित गर्न सकिन्छ ।

सशस्त्र हिंसा र विकाससम्बन्धी क्षेत्रीय सम्मेलनको शुरुवात गरेकोमा ग्वाटेमाला, केन्या र थाइल्याण्ड सरकारप्रति हामी आभार प्रकट गर्दछौं । साथै, सम्मेलनबाट पारित सशस्त्र हिंसा र विकाससम्बन्धी क्षेत्रीय घोषणाले प्रत्येक राष्ट्र र क्षेत्रको सशस्त्र हिंसाका घटनाको सीमा निर्धारण गरिदिएको छ ।

सशस्त्र हिंसा र विकाससम्बन्धी क्षेत्रीय घोषणालाई कार्यान्वयन गर्न राष्ट्र र सम्बन्धित अन्तर्राष्ट्रिय र क्षेत्रीय संगठनलाई हामी आग्रह गर्दछौं ।

प्रयोगात्मक र उपयुक्त तरिकाहरू जस्तै १) विवादको शान्तिपूर्ण समाधान २) मानव अधिकारको सम्मान ३) शान्ति र संस्कृतिको माध्यमद्वारा दिगो विकासलाई प्रोत्साहन गरी आफ्ना क्षेत्रबाट सशस्त्र हिंसाको रोकथाम, न्यूनीकरण र अन्त्य गर्ने देशलाई हामी धन्यवाद ज्ञापन गर्दछौं ।

वि.सं. २०७२ सम्म सशस्त्र हिंसाको विश्वव्यापी भार न्यूनतम बनाउँने प्रयत्नअनुरूप कार्यान्वयनको खाकामा समावेश भएअनुरूप जेनेभा घोषणालाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न शुरु गरिसक्नु भएकाहरूलाई हामी धन्यवाद ज्ञापन गर्दछौं ।

जेनेभा घोषणाको कार्यान्वयनको अत्यावश्यक पक्ष- बालिका, महिला, बालक र पुरुषलाई सशस्त्र हिंसाले पार्ने असरको पहिचान गर्न हामी प्रोत्साहन गर्दछौं । सशस्त्र हिंसाको सामाजिक-आर्थिक र मानव विकासमा हुने असर मापन गर्न राष्ट्रिय र क्षेत्रीय रूपमा विकास गरिने विधि र रणनितिप्रति हामी सम्मान प्रकट गर्दछौं ।

दिगो सामाजिक आर्थिक विकासका लागि राज्यले अवलम्वन गरेका राष्ट्रिय नीतिहरूमा पर्याप्त मद्दत गर्ने र सशस्त्र हिंसा

तथा विकासका लागि जेनेभा घोषणाको अंगका रुपमा सशस्त्र हिंसाको महामारी र विकासका लागि यसका नकारात्मक पक्षलाई सम्बोधन गर्ने ।

लैङ्गिक समानतालाई प्रोत्साहन गर्ने र सशस्त्र हिंसाको रोकथाम र न्यूनीकरण कार्यक्रमको योजना, कार्यान्वयन र मूल्याङ्कनमा महिलालाई सहभागी गराउने ।

सशस्त्र हिंसाको महामारी र सामाजिक आर्थिक र मानव विकासमा यसको असरलाई विस्तृत र एकत्रित रूपमा सम्बोधन गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रीय, संगठको साथै मानव समाजको सहकार्य अत्यावश्यक हुने ठहर गर्दछौं ।

सशस्त्र हिंसाको रोकथाम र न्यूनीकरण तथा दिगो विकासलाई प्रोत्साहन गर्ने जेनेभा घोषणाको लक्ष्य कार्यान्वयनमा निश्चित योजना तर्जुमा गरिसकेका राष्ट्रका सरकारहरुप्रति धन्यवाद जापन गर्दछौं ।

सशस्त्र हिंसा रोकथाम तथा न्यूनीकरण गर्न राष्ट्रिय तथा स्थानीय स्तरमा सीप तथा आर्थिक सहयोग प्रदान गरिदिन हामी राज्यहरू र सम्बन्धित संगठनहरुलाई आग्रह गर्दछौं ।

कुनै देशमा नाजुक सुरक्षा स्थितिका कारण सशस्त्र हिंसाको रोकथाम र न्यूनीकरण कार्यक्रम लागू गर्न कठिन छ भनेर उसमाथि सीप प्रवर्द्धनका लागि गरिने आर्थिक सहयोग कुनै पनि अवस्थामा रोक्न पाइँने छैन ।

ओइसिडी विकास सहयोग समाजको २०६२ सालको निर्णयअनुसार औपचारिक विकास सहयोग समितिले सशस्त्र हिंसाको रोकथाम र न्यूनीकरणसम्बन्धी कार्यक्रम गर्न सघाउनेछ ।

सहस्राब्दी घोषणाको प्रतिबद्धताप्रति पुनः आश्वस्त पार्दै २००५ को विश्व सम्मेलनको परिणामअनुसार (संयुक्त राष्ट्रसंघ रूपान्तरण (६०/१) विकास, शान्ति र सुरक्षा र मानवअधिकारलाई बढावा दिने, सहस्राब्दी विकास लक्ष्य पूरा गर्न सशस्त्र हिंसाविद्ध लक्ष्य निर्धारण र मापनयोग्य सूचकहरू बनाउने ।

सशस्त्र हिंसा न्यूनीकरण गर्न संयुक्त राष्ट्रसंघले थालेको प्रयासलाई सहयोग जारी रहने प्रतिबद्धता व्यक्त गर्दछौं । बिशेषगरी साना तथा हलुका हतियारको गैरकानुनी व्यापारको न्यूनीकरण, रोकथाम र उन्मूलनका लागि संयुक्त राष्ट्रसंघले शुरु गरेको कार्यक्रम कार्यान्वयन गर्नेछौं ।

सशस्त्र हिंसा र विकाससम्बन्धी जेनेभा घोषणाको उद्देश्य पूरा गर्न भविष्यमा सबै प्रकारको सहयोग जारी रहने प्रतिबद्धता व्यक्त गर्दछौं ।

सशस्त्र हिंसा र विकाससम्बन्धी जेनेभा घोषणालाई आत्मसात् गर्दै घोषणाको उद्देश्य र सिद्धान्तलाई अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा क्षेत्रीय स्तरमा फैलाई सहयोग गर्ने राज्यलाई धन्यवाद ज्ञापन गर्दछौं ।

सशस्त्र हिंसा र विकाससम्बन्धी जेनेभा घोषणाको उद्देश्य कार्यान्वयन गर्ने प्रतिबद्धता प्रकट गर्दै यसको कार्य प्रगतिको समीक्षा गर्न हामी २०११ भन्दा अघि नै पुनः भेट हुने वाचा गर्दछौं ।

जेनेभा, २७ भदौ २०६५